# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जैमिनी नगरपालिका, बागलुङ

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय
काठमाडौं

# ***Serving the Nation and the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
जैमिनी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कुश्मीशेरा, बाग्लुङ्ग ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**


Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

पत्र संख्याः २०७८।७९
च.नं.: १६६

मितिः २०७८।५।४

श्री नगर प्रमुखज्यू,
जैमिनी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कुश्मीशेरा, बाग्लुङ्ग ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.१ करोड ५६ लाख ४३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२६ लाख ९६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२६ लाख २९ हजार, नियमित गर्नुपर्ने रु.७५ लाख २७ हजार र पेश्की बाँकी रु.२७ लाख ९१ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।१३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फस्यौंट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २९ (उन्नातिस) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

**जैमिनी नगरपालिका, बाग्लुङ्ग**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७६/७७**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस जैमिनी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, ११८.७१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१ हजार ४३० जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७६।०७७ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| विवरण | टिप्पणी | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|
| **प्राप्ती (क+ख)** | | ६७,६०,६९,२४९ | ५२,६९,४९,५८१.१९ | | ५२,६९,४९,५८१.१९ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ५५,१२,६५,२४९ | ५२,६९,४९,५८१.१९ | ० | ५२,६९,४९,५८१.१९ |
| ११००० कर | ११ | ९,४३,७६,००० | ६,१५,२२,०२०.६४ | ० | ६,१५,२२,०२०.६४ |
| १३००० अनुदान | | ४५,४३,२९,२४९ | ४५,९४,३७,३०६.९६ | ० | ४५,९४,३७,३०६.९६ |
| संघीय सरकार | १२ | ४२,९४,६१,००० | ४३,०७,५३,५५७.९६ | ० | ४३,०७,५३,५५७.९६ |
| प्रदेश सरकार | १२ | २,२३,६९,००० | २,६१,८४,५०० | ० | २,६१,८४,५०० |
| अन्तरिक श्रोत | १२ | २४,९९,२४९ | २४,९९,२४९ | ० | २४,९९,२४९ |
| १४००० अन्य राजस्व | | २५,६०,००० | ५९,९०,२५३.५९ | ० | ५९,९०,२५३.५९ |
| ख. अन्य प्राप्ति | | १२,४८,०४,००० | | | |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १२,४८,०४,००० | ० | ० | ० |
| धरौटी | | ० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७३,१५,३७,३५४.८२ | ५२,४९,८७,५३२.७० | | ५२,४९,८७,५३२.७० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६०,६७,३३,३५४.८२ | ५२,५४,४०,९९६.२० | | ५२,५४,४०,९९६.२० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २१,१९,४१,५२० | १९,६८,३८,४७७.८३ | ० | १९,६८,३८,४७७.८३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५,५५,३६,००० | १४,०७,८४,१९७.८२ | ० | १४,०७,८४,१९७.८२ |
| २५००० सहायता (Subsidy) | १८ | १५,००,००० | १३,२८,०५५ | ० | १३,२८,०५५ |
| २७००० सामाजिक सुरक्षा | १८ | ६३,७४,४८० | २१,९२,३८७ | ० | २१,९२,३८७ |
| २८००० अन्य खर्च | १८ | २७,००,००० | १६,८०,७०३.५५ | ० | १६,८०,७०३.५५ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च | १८ | २२,८६,८१,३५४.८२ | १८,२६,१७,१७५ | ० | १८,२६,१७,१७५ |
| घ. अन्य भूक्तानी | | १२,४८,०४,००० | (४,५३,४६३.५०) | | (४,५३,४६३.५०) |
| कोषहरु | | १२,४८,०४,००० | ० | ० | ० |
| धरौटी | | ० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (४,५३,४६३.५०) | | (४,५३,४६३.५०) |
| ङ. यो वर्षको बचत (न्युन) | | (५,५४,६८,१०५.८२) | १९,६२,०४८.४९ | | १९,६२,०४८.४९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,५४,६८,१०५.८२ | | ५,५४,६८,१०५.८२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (५,५४,६८,१०५.८२) | ५,७४,३०,१५४.३१ | | ५,७४,३०,१५४.३१ |
| **बैंक तथा नगद बाँकी** | २४ | | **५,७४,३०,१५४.३१** | | **५,७४,३०,१५४.३१** |

नोटः — संघीय सशर्त अनुदानतर्फ निकासाबाट खर्च नभई बाँकी रहेको रु.१२,९२,५५७.९६ फिर्ता गर्नुपर्नेमा रु.६३,१७,८२४.९६ फिर्ता गरेको छ ।

- सुत्र सफ्टवेयरबाट पोष्टिङ्ग गर्दा संघीय सशर्त अनुदानतर्फ रु.५२,२३,०९१.४६ बढी आम्दानी बाँधिएको र उक्त रकम सञ्चित कोषमा आम्दानी घटाउनलाई रिभर्स भौचर उठाउन नमिलेको कारण उक्त रकम बैङ्कमा भन्दा श्रेस्ता बढी मौज्दात देखिन गएको छ ।

विनियोजनतर्फः

| बजेट उपशीर्षक | वार्षिक बजेट | निकासा | खर्च | खर्च मध्ये पेस्की |
|---|---|---|---|---|
| ३०१०००११३ | १००००००० | १००००००० | १००००००० | ०.०० |
| ३५००००११४ | २०५००००० | २००२५०० | २००२५०० | ०.०० |
| ३५००००११३ | ४०००० | ० | ० | ०.०० |
| ३५००१०११३ | १८००००० | १७४२४०० | १७४२४०० | ०.०० |
| ३६५००१०४३ | १३३६५००० | १३१५९५७२ | १३१५९५७२ | ०.०० |
| ३४०००१०५३ | १०००० | ० | ० | ०.०० |
| ३१४०१०११४ | २०६००० | २०५९८९ | २०५९८९ | ०.०० |
| ३१४०१०११३ | १२६११०० | ७३५२१९ | ७३५२१९ | ०.०० |
| ३१४०१०१२३ | १२९१४८००० | १२२४०३२०० | १२२४०३२०० | ०.०० |
| **जम्मा रु.** | **१४८८८०१००** | **१४१२४८८८०** | **१४१२४८८८०** | |

धरौटीतर्फः

| गत वर्षको जिम्मेवारी रु. | यस वर्षको आम्दानी रु. | जम्मा रु. | फिर्ता रु. | सदरस्याहा रु. | बाँकी रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| ७३६०७८.५८ | १२७०६६०.८० | २००६७३९.३८ | ३३५४०९.०० | ०.०० | १६७१३३०.३८ | |

अन्य कोषतर्फः

| सि.नं. | कोषको प्रकार | आम्दानी | खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १. | मर्मत सम्भार कोष | ५२०००००.०० | ३९५०५४०.०० | १२४९४६०.०० | |
| २. | प्रकोप व्यवस्थापन कोष | १२६६७५११.०० | ८७८३७५८.०० | ३८८३७५३.०० | |
| | जम्मा | १७८६७५११.०० | १२७३४२९८.०० | ५१३३२१३.०० | |

विविध कोषतर्फः

| सि.नं. | कोषको प्रकार | आम्दानी | खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १. | कर्मचारी कल्याण कोष | ५२८८००.०० | ९७४१९१.०० | ४२५४१२४.०० | |
| २. | मर्मत सम्भार कोष | ३६९९५१५.०० | | | |
| ३. | चालु खर्च खाता | १००००००.०० | | | |
| | **जम्मा** | **५२२८३१५.००** | **९७४१९१.००** | **४२५४१२४.००** | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>लेखापरीक्षणको क्रममा रु.३५ हजार र प्रतिक्रियाबाट रु.३ लाख ०७ हजार गरी जम्मा रु.३ लाख ४२ हजार असुली भएको छ ।</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:
<ul>
<li>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।</li>
<li>स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पूर्ण रुपमा नगरी धरौटी तथा कार्यसञ्चालन कोषको आम्दानी तथा खर्च मेनुअल्ली पोष्टिङ्ग गरेको पाइयो ।</li>
</ul>
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>बैङ्क मौज्दात - नगरपालिकाबाट उपलब्ध गराइएको आय-व्यय विववरण अनुसार आर्थिक वर्षको अन्तमा सञ्चित कोषमा रु.५,४१,६४,३८४।०० मौज्दात रहेको छ । उक्त मौज्दात निम्नानुसार बैङ्क खातामा रहेको पाइयोः
<table>
<tr><th>सि.नं.</th><th>खाता</th><th>बैङ्क</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>सञ्चित कोष बाँकी</td><td>ग्लोबल बैङ्क</td><td>५२२०७०६२.८५</td></tr>
<tr><td>२.</td><td>सञ्चित कोष बाँकी</td><td>नेपाल बैङ्क लि.</td><td>१०४९२१०.६५</td></tr>
<tr><td>३.</td><td>चालु खर्च खाता</td><td>नेपाल बैङ्क लि.</td><td>३२१९८७.८०</td></tr>
<tr><td>४.</td><td>पुँजीगत खर्च खाता</td><td>नेपाल बैङ्क लि.</td><td>५८६१२३.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५४१६४३८४.३</td></tr>
</table></td><td></td></tr>
<tr><td>२.१.</td><td>कार्यालयको सञ्चित कोष खाता एउटा मात्र बैङ्कमा हुनुपर्नेमा ग्लोवल बैङ्क र नेपाल बैङ्क लिमिटेडमा रहेको पाइयो । सञ्चित कोष खाता एउटा मात्र बैङ्कमा राख्न कार्यालयले कारवाही अगाडि बढाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३.</td><td>संघीय सशर्त अनुदानतर्फ आर्थिक वर्षको अन्तमा खर्च नभई रहेको रकम रु.१२,९२,५५७।९६ फिर्ता गर्नुपर्नेमा रु.६३,१७,८२४।९६ फिर्ता गरेको छ ।</td><td></td></tr>
<tr><td>४.</td><td>बाँकी रकम फिर्ता — आर्थिक वर्ष २०७६/७७ मा खर्च लेखेको तर बैङ्कमा सम्बन्धित शीर्षकमा दाखिला गर्न बाँकी रहेको रकम आ.व. २०७७।७८ को निम्न मितिमा दाखिला भएको प्रमाण पेस भएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>दाखिला रकम</th><th>दाखिला मिति</th></tr>
<tr><td>१.</td><td>अग्रिम आय कर</td><td>४०५१२</td><td>२०७७/०४/१२</td></tr>
<tr><td>२.</td><td>अग्रिम आय कर</td><td>८६६७३८</td><td>२०७७/०५/०४</td></tr>
<tr><td>३.</td><td>मू.अ. कर</td><td>१७६००६९</td><td>२०७७/०५/०४</td></tr>
<tr><td>४.</td><td>सामाजिक सुरक्षा कर</td><td>७१४४७</td><td>२०७७/०५/०४</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | ५. निर्माण व्यवसायिक कर — २८१०२ — २०७७/०५/०४<br>६. बहाल कर — ६०००० — २०७७/०५/०४<br>७. पारिश्रमिक कर — ६६४८१७ — २०७७/०५/०४<br>जम्मा — ३४९१६८५<br>त्यस्तै आ. व. को अन्त्यमा बाँकी रहेको सशर्त अनुदान संघतर्फ र प्रदेशतर्फको रकम निम्नानुसार दाखिला भएको छ ।<br>सि.नं. — विवरण — दाखिला रकम — दाखिला मिति<br>१. संघीय सशर्त अनुदान — ४३१४१७७.९६ — २०७७/६/२३<br>२. संघीय सशर्त अनुदान — २००३६४७.०० — २०७७/४/११<br>३. प्रदेश सशर्त अनुदान — ३०००१.०० — २०७७/६/२६<br>जम्मा — ६३४७८२५.९६ | |
| ५. | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपसिल बमोजिम रहेका छन्:<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.३,२१,९८७।८०, पुँजीगत खर्च खातामा रु.५,८६,१२३।०० समेत गरी रु.९,०८,११०।८० मौज्दात रहेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन ।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैङ्क खडा गरेको देखिएन ।<br>• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन । | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिइएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भरपाईहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण बनाई लागु गरेको पाईएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले बनाए/नबनाएको विवरण पेस | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | हुन आएन ।<br>• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १० को उपदफा (१) बमोजिम फोटोसहितको अनुसूची ५ बमोजिमको ढाँचामा मूल अभिलेख अद्यावधिक गरी नराखेको ।<br>• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ तर पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण अभिलेख राखेको पाइएन ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) अनुसार स्थानीय विपद् व्यवस्थापन समिति गठन गरेको भएतापनि १ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) अनुसार कार्यहरू गरेको पाइएन ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ अनुसार पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ६. | **बजेट पेस, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री लिला रानाले २०७६।०३।१० गते रु.२५ करोड १६ लाख ५ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७६।०३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७. | **चौमासिक पुंजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुंजीगत खर्चको स्थिति देहायबमोजिम छः- | |

| सि.नं. | खर्च शीर्षक | शीर्षक | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ३११११ | आवासीय भवन निर्माण/खरिद | ० | ८२२५०९ | १७३७४९१ | ११३४४९१ |
| २ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | ४०६००० | ९९४०५० | ५२२७८७५ | ३१०७४५५ |
| ३ | ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ० | ४१२७०० | १३७३०० | ० |
| ४ | ३११२१ | सवारी साधन | ० | ६३९२० | १२७८४० | ३१९६० |
| ५ | ३११२२ | मेशिनरी तथा औजार | ४८५१००० | १०९३००० | ४००००० | ४००००० |
| ६ | ३११२३ | फर्निचर तथा फिक्चर्स | ० | ० | १०००००० | ५००००० |
| ७ | ३११३१ | पशुधन तथा बागवानी विकास खर्च | ० | १९१००० | ८८४००० | ६६२००० |
| ८ | ३११३२ | अनुसन्धान तथा विकास सम्बन्धी खर्च | ५०१००० | ३२२३९४० | ४२५७५२० | २२०००२० |
| ९ | ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ० | ० | ११९९८८५ | २००००० |
| १० | ३११३५ | पुँजीगत परामर्श खर्च | ० | ११७००० | ० | ० |
| ११ | ३११४१ | सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ० | ० | १६०००० | ६०००० |
| १२ | ३११५१ | सडक तथा पूल निर्माण | ११३६००० | २३१५७०७८ | ४१४२८९५६ | ३१७३३१६२ |
| १३ | ३११५३ | विद्युत संरचना निर्माण | ० | ० | २०२१३७२ | २०२१३७२ |
| १४ | ३११५४ | तटबन्ध तथा बाँधनिर्माण | ० | ० | १२६२७४९ | १२६२७४९ |
| १५ | ३११५५ | सिंचाई संरचना निर्माण | ० | ६६१००० | ६५६४८२० | ३६४६८२० |
| १६ | ३११५६ | खानेपानी संरचना निर्माण | ० | २९१००० | २३३२८०६ | १६००८९६ |
| १७ | ३११५७ | वन तथा वातावरण संरक्षण | ० | ० | २२०००० | १५०००० |
| १८ | ३११५८ | सरसफाई संरचना निर्माण | ० | ७०९६० | १११००० | २५००० |
| १९ | ३११५९ | अन्य सार्वजनिक निर्माण | २५७०० | १०८४५८३७ | ३८२५४१७८ | २९३३५४२४ |
| २० | ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ० | ० | ४८०००० | ३०००० |
| २१ | ३११७१ | पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १००००० | १०५८५००० | १२६१०६८९ | ८९७६०१४ |
| २२ | ३११७२ | पुँजीगत अनुसन्धान तथा परामर्श | ० | ० | २५०००० | २०३००० |
| २३ | ३१४११ | जग्गाप्राप्ति खर्च | ० | ० | ० | ० |
| २४ | ३१५११ | भैपरी आउने पुँजीगत | २४००००० | ० | ० | ० |
| | | **कूल जम्मा** | **९४१९७००** | **५२५२८९९४** | **१२०६६८४८१** | **८७२८०३६३** |
| | | **खर्च प्रतिशत** | **5.16** | **28.76** | **66.08** | **47.79** |

उपरोक्तानुसार पुँजीगततर्फ कूल खर्च मध्ये तेश्रो चौमासिक ६६.०८ प्रतिशत र आषाढ महिनामात्र ४७.७९ प्रतिशत खर्च भएको छ । आर्थिक वर्षको अन्तमा बढी खर्च गर्ने गर्दा निर्माण कार्यको गुणस्तर समेत राम्रो नहुने भएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक तथा आषाढ महिनामा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

८. **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि.नं. | मुख्य क्षेत्र | बार्षिक बजेट | खर्च रकम | कूल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| 1 | समपुरक कोष | २००००००० | १६६६०८८३.०० | ८.९१ |
| 2 | आर्थिक विकास | ९८००००० | ६६९८५७५.०० | ३.५८ |
| 3 | सामाजिक क्षेत्र | १२२००००० | ११००४४९१.०० | ५.८८ |
| 4 | पूर्वाधार विकास | ४४१००००० | ३६१४८१४८.०० | १९.३२ |
| 5 | वन वातारण तथा विपद् | ४९००००० | १४९४७०९.०० | ०.८० |
| 6 | संस्थागत विकास र सुशासन | ४९००००० | १८७९१८३.०० | १.०० |
| 7 | कार्यसंचालन तथा प्रशासनिक खर्च | ९००००००० | ५९६२८३९५.१६ | ३१.८७ |
| 8 | समग्र समानुपातिक निरन्तर विकास | ६१००००० | ५९५४१३६.०० | ३.१८ |
| 9 | वडागत बजेट | ४१६००००० | ३९१९१७९६.०० | २०.९५ |
| 10 | अ गै. सस/गै स.स सहकार्य | २४००००० | ८२९०००.०० | ०.४४ |
| 11 | सवारी साधन व्यवस्थपन | ३६००००० | १९१७६०.०० | ०.१० |
| 12 | विपद व्यवस्थापन कोष | २४००००० | २४०००००.०० | १.२८ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | 13 | वडागत मर्मत संभारकोष | ५०००००० | ५००००००.०० | २.६७ | |
| | 14 | भवन तथा जग्गा व्यवस्थापन | ४६०५००० | ०.०० | ० | |
| | | जम्मा | २५१६०५००० | १८७०८१०७६.१६ | १०० | |
| ८.१. | **खर्च विश्लेषण -** पालिकाले यस वर्ष कूल आन्तरीक आयबाट रु.६,४०,२१,२६९.६४ राजस्व बाँडफाँड र अनुदानबाट रु.४६,५४,२७,५६०.५५ समेत रु.५,२९,४४,८८३०.१९ आम्दानी भएकोमा चालु तर्फ रु.३३,९६,१६,५८३.२० र पुँजीगततर्फ रु.१,८,३९,४५,२३०.०० र वित्तीय व्यवस्थातर्फ रु.१८,७९,१८३।०० समेत रु.५२,५४,४०,९९६.२० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १२.१८ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.८८,६०,७१६.०० खर्च भएको छ जुन आन्तरिक आयको १३.८४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.१४ प्रतिशत चालु रू.३४.७४ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | | | | | |
| | **संगठन तथा कर्मचारी व्यवस्थापन** | | | | | |
| ९. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१०,००,०००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छ । | | | | | |
| १०. | **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १३ र यो वर्ष थप भएको ३ गरी कूल १६ विवाद दर्ता भएकोमा ९ वटा मात्र फछ्यौंट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | | | | | |
| ११. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ । | | | | | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १२. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१८,४७,१९४।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १३. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले स्वास्थ्य, अपाङ्ग, विपद् लगायत प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.३०,०६,४७८।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १४. | **पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पुँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पुँजीगत शीर्षकमा समावेश गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट रु.३,४३,०००।०० भुक्तानी दिएको पाईयो । | |

| सि.नं | भौ नं र मिति | भुक्तानी पाउनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १. | ९।०७७।६।९ | चिरञ्जिवी शर्मा | दरखाने पर्व | ५०००० |
| २. | ११।०७७।६।९ | ललिता पून | तीजपर्व | ५०००० |
| ३. | १२०७।०७७।३।३१ | दुर्गादेवी मन्दिर | सम्मान कार्यक्रम | २५००० |
| ४. | १२२८।०७७।३।३१ | जनता मा. वि. | पुरस्कार वितरण | २५००० |
| ५. | १२३०।०७७।३।३१ | सतिढुङ्गा मा. वि. | पुरस्कार वितरण | २५००० |
| ६. | १४४६।०७७।३।३१ | २८ जनालाई | पूल हेरालु खर्च | १६८००० |
| | | | **जम्मा** | **३४३०००** |

पुँजीगत बजेटबाट चालु प्रकृतिको खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १५. | **अनुत्पादक खर्च** - सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले गरेको कतिपय खर्चहरु बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । उपलव्धीमूलक नहुने कार्यमा हुने खर्चमा नियन्त्रण गरिनुपर्दछ । उदाहरणः | |

| सि.नं. | भौ नं र मिति | भुक्तानी पाउने संस्था वा समितिको नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | ३०।०७६।८।९ | गाजादह संरक्षण तथा उ.स. | बैकुण्ठे चतुर्दशी मेलामा खर्च | २००००० |
| २ | ४८३।०७७।१।२१ | मगर दिवस तथा पोशाक व्यवस्थापन समिति | मगर दिवस पोशाक खरिद | १५०००० |
| ३ | ५९७।०७७।२।१४ | तिजमेला व्यवस्थापन समिति | तिजमेला कार्यक्रम | ५०००० |
| ४ | ११८४।०७७।३।३० | अपाङ्गता सशक्तीकरण समिति | अपाङ्गगलाई नगद वितरण | ४०००० |
| ५ | ११९१।०७७।३।३० | प्रगतिशिल महिला समूह | तीजगित प्रतियोगीता | ५०००० |
| | | | **जम्मा** | ४९०००० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | यस्तो अनुत्पादक खर्चमा नियन्त्रण गरिनु पर्दछ । | |
| | **कर दस्तुर एवं आन्तरिक आय** | |
| १६. | **राजश्व बाँडफाँड** - स्थानीय तहले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ अनुसार असुल गरेको राजस्व मध्ये ४० प्रतिशत प्रदेश सरकारलाई पठाउनुपर्नेमा पठाएको पाइएन । अतः स्थानीय तहले प्राप्त गरेको देहायको रकम बाँडफाँड गरी पठाउनुपर्ने देखिन्छ । | |

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने (४०%) | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| दहत्तर बहत्तर शुल्क | ८२५००० | ३३०००० | ० | ३३०००० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १७. | **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ५०००० | ८०७७६८ | १६१.५५ |
| घरजग्गा वहाल कर | ३०००० | १५०००० | ५० |
| व्यवसाय कर | १००००० | १९०९९० | १९०.९९ |
| बहाल विरौटी शुल्क | २००००० | ८२५००० | ४१.२५ |
| जम्मा | **२९०००००** | **१९७३७५८** | ६८.०६ |

पालिकाभित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | **आयकर एवं मू.अ.कर** | |
| १८. | **रीतपूर्वकको कर विजक** - (गो भौ.नं. र मिति ७/२०७७/३/३) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रीतपूर्कको कर विजक बेगर मनकामना हार्डवयर (पान नं. ३०१९७८५५४) को विजक नं. र मिति ५१९-२०७७/२/१७ बाट खरिद गरी रु.८०८८५.०० (मू.अ.कर रु.९३०५.००) भुक्तानी भएको छ । उक्त विजकको मिति सच्चाईएकोले मू.अ.कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ९३०५.०० |
| १९. | **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.४४,९९०।०० समेत रु.३,९१,०७६।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । | |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक नं./मिति | भुक्तानी रकम (मू.अ.कर समेत) | मूअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ०५३-२०७७/२/२७ | धौलागिरी मल्टी ट्रेड कन्सर्न प्रा लि | ३०४३८००३ | | १७४४९४ | २००७४ | |
| ३१-२०७७।३।२२ | शिवशक्ति अटोमोवाइल, बागलुङ | ३०२७२३०२७ | ३२६१-२०७७।३।१९ | ७८०३२ | ८९७७ | २०७७।M।३ |
| | | | ३२६२-२०७७।३।१९ | १३२६१ | १५२६ | |
| | | | ३२६३-२०७७।३।१९ | १५५३६ | १७८७ | |
| | | | ३२६४-२०७७।३।१९ | ९६६१८ | ११११५ | |
| | | | ३२६५-२०७७।३।१९ | १३१३५ | १५११ | |
| ७३-२०७७/३/३० | बराह गोबर ग्यास तथा नवीकरणीय उर्जा प्रा. लि. | ६०१३३७२३५ | २१६-२०७७/३/१६ | ४६४४२० | २९१२० | २०७६/M/११ |
| | | | जम्मा | ८५५४९६ | ७४११० | |

कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेस हुनुपर्ने रु. — ७४११०.००

**उपभोक्ता समिति मार्फत कार्य**

२०. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन्:

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | नापी अनुसार विल रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ८९५।०७७।३।१७ | ठेउलेखोला दुवै मोटरबेल पूलदेखी वा नपा सिमाना सडक उ स | सडक निर्माण | १०६३६७२ | डोजर | ३४८४२८ |
| ९४६।०७७।३।२२ | कालीगण्डकी करीडोर ढावसती सिंगेपोखरा सडक उ स | सडक निर्माण | ९५९७८२ | डोजर | ३६८३२० |
| ९७०।०७७।३।२२ | दुर्लेवेशी डहरे बुढीखर्क सडक उ स | सडक निर्माण | १८५६३१४ | डोजर | ७९१३७६ |
| १२३७।०७७।३।३१ | जाडी ठेउले जिमीरेवन आउनाट खोल्टे विजुला नाम्दुक सडक उ स | सडक निर्माण | १०४२३६१ | डोजर | २४७२३७ |

नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२१. **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>नगर गुरुयोजना निर्माण र नगर प्रोफाइल निर्माण</td><td>स्ट्रेन्थ इञ्जिनियरिङ्ग कम्पन्नी प्रा.लि.</td><td>१६०००८०</td><td>४८००२४</td><td>१६८००००</td></tr>
</table>
नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार नगर गुरुयोजना निर्माण गर्न रु.१५,००,०००।०० र नगर प्रोफाइल निर्माण गर्न रु.२,००,०००।०० बजेट व्यवस्था भएको उक्त कार्यक्रम गर्न मौजुदा सूचीमा रहेका ८ वटा परामर्श दाताबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरेकोमा ६ वटा परामर्श दाताबाट प्रस्ताव पेस हुन आएको पाइयो । उक्त पेस भएका प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कनबाट सबैभन्दा बढी अङ्क ९२.८१ प्रतिशत ल्याउने स्ट्रेन्थ इञ्जिनयरिङ्ग कम्पनी प्रा.लि. नयाँ बानेश्वर काठमाडौं छनौट भएको पाइयो । उक्त कम्पन्नीले रु.१६,००,०८०।०० को आर्थिक प्रस्ताव पेस गरेकोले सो कम्पनीबाट डिपिआरको कार्य गर्न मिति २०७७।३।१० मा सम्झौता भएको र सम्झौता मितिले ६ महिना अर्थात् २०७७।९।१० सम्ममा सम्पन्न गर्ने गरी कार्यदिश दिएको पाइयो । उक्त परामर्शदाताले ड्राफ्ट रिपोर्ट पेस गरी भौचर नं. १२४९।२०७७।३।३१ बाट रु.४,८०,०२४।०० भुक्तानी भएको छ । लेखापरीक्षणको समयसम्म पनि प्रोफाइल तयार गुरु योजनाको अन्तिम रिपोर्ट प्राप्त भई नसकेको भन्ने कार्यालयको भनाई रहेको पाइयो । अतः नगर प्रोफाइल र नगर गुरुयोजनाको निर्माण कार्य सम्पन्न गर्न लगाई सो अनुसारका कार्यहरू गर्ने गराउनेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>२२.</td><td>डोजर र ब्रेकरको प्रयोग - पालिका र निर्माण व्यवसायीबीच भएको सम्झौता अनुसार डोजर प्रयोग गरेवापत प्रति घण्टा रु.५२८०।०० र ब्रेकर प्रयोग गरे वापत प्रति घण्टा रु.६२८०।०० का दरले भुक्तानी गर्ने गरी सम्झौता गरिएको पाईन्छ । तर पालिकाले प्राविधिकबाट नापजाँच गराइ सम्पन्न भएको कामको परिमाण प्रति घ. मी. को आधारमा भुक्तानी गरिएको छ । पालिकाले निर्माण व्यवसायीसँग प्रति घण्टाको आधारमा सम्झौता गर्ने र भुक्तानी गर्दा प्रति घ. मी. कामको आधारमा भुक्तानी गर्दा सम्झौता र भुक्तानी बीच मापन गर्ने तरीकामा एकरुपता देखिएन । निर्माण व्यवसायीसँग प्रति घ. मी. कामको आधारमा भुक्तानी गर्ने गरी सम्झौता गरेर सोही आधारमा काम भए नभएको प्राविधीकबाट नापजाँच गरेर मात्र भुक्तानी दिने कार्यमा सुधार हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>Backhole Loader (With Rock Braker) - स्वीकृत वार्षिक कार्यक्रम अनुसार नगरपालिकाको लागि एउटा व्याकहो लोडर खरिद गर्नको लागि रु.५२,००,०००।०० को ल.ई. के कुन आधारमा तयार पारिएको हो सोका प्रमाण पेस हुन आएनन् । मिति २०७६।४।५ मा बोलपत्रको माध्यमबाट एक थान व्याकहो लोडर खरिद गर्न सूचना प्रकासन गरिएकोमा ३ वटा बोलपत्रहरू दर्ता भएको पाइयो । जगदम्बा कन्स्ट्रक्सन सोलुसन प्रा.लि. नक्साल काठमाडौंले रु.५१,६०,०००।०० र वि. एस. मोटरपार्ट्स बुटवल-११, रुपन्देहीले रु.४८,५१,०००।०० को आर्थिक तथा प्राविधिक प्रस्ताव पेस गरेको पाइयो भने बागलुङ भगवती ट्रेड्सको बोलपत्र रीतपूर्वक नभएको र रीतपूर्वक पेस हुन आएका २ वटा बोलपत्रहरूको मूल्याङ्कन गरी प्रतिवेदन पेस गर्न बोलपत्र मूल्याङ्कन</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | समितिको मिति २०७६।५।४ को प्रथम बैठकको निर्णयबाट परामर्शदाता मे.ई. मिननारायण श्रेष्ठलाई जिम्मा दिएको पाइयो । सो अनुसार प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कन गरी दुबै पक्षबाट ग्राह्य भएका आपूर्तकहरू मध्ये वि. एस. मोटर्स प्रा.लि. को कबोल अङ्क रु.४८,५१,०००।०० र जगदम्बा कन्स्ट्रक्स्न सोलुसन प्रा.लि. को कबोल अङ्क रु.५१,६०,०००।०० पेस भएकोमा वि. एस. मोटर्स प्रा.लि. को १० वर्षको आधिकारिक विक्रेताको अनुभव बाहेक सबै कुराहरू पूर्ण सेटीस्फाइड भएको जनाएको र जगदम्बा कन्स्ट्रक्सन सोलुसलनको १० वर्षको आधिकारिक विक्रेता समेत पूर्ण सेटिस्फाइड भएको जनाई The Authorized Selling Service Years is more important than the price भनी Consultant इञ्जिनियरले जगदम्बा कन्स्ट्रक्सन सोलुसनबाट किन्न सिफारिस गरेको पाइयो । त्यसै गरी मिति २०७६।५।५ मा बसेको मूल्याङ्कन समितिको बैठकले बोलपत्रको प्राविधिक प्रतिवेदन पेस गर्न जिम्मेवारी दिइएको मे.ई. मिननारायण श्रेष्ठले गरेको प्रतिवेदन उपर छलफल गरी वि. एस. मोटर्स प्रा. लि. को कारोवार अवधि २ वर्ष ११ महिना रहेको वारेन्टी अवधि २ वर्ष उल्लेख भएको र कबोल अङ्क रु.४८,५१,०००।०० पेस गरेको र जगदम्बा कन्स्ट्रक्सन सोलुसनको कारोवार अवधि १० वर्ष भन्दा बढी भएको र वारेन्टी अविध १ वर्ष उल्लेख भएको र कबोल अङ्क रु.५१,६०,०००।— पेस गरेको व्यहोरा जनाई वि. एस. मोटर्स प्रा. लि. को कारोवार अवधि कम भएतापनि मूल्य अभिवृद्धि तथा वारेन्टी अवधि समेतलाई मध्यनजर गरी वि. एस. मोटर्स प्रा. लि. को बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको भनी बोलपत्र स्वीकृतको लागि पेस गर्ने निर्यण भएअनुसार बोलपत्र स्वीकृत गर्न मिति २०७६।५।९ मा आशय पत्र जारी भएकोमा जगदम्बा कन्स्ट्रक्सन सोलुसनले १० वर्ष सम्बन्धित निर्माण सामाग्री बेचविखन तथा मर्मत सम्भार इतिहास चाहिने भनी माग भएकोमा उक्त मापदण्ड वि. एस. मोटर्सको नपुगेको हुँदा बोलपत्र स्वीकृत गर्ने आशय पत्रमा पुनः विचार गरी पाउँ भनी निवेदन गरेको पाइयो । तर मूल्याङ्कन समितिले वि. एस. मोटर्स प्रा. लि. सँग प्रतिक्रिया माग गर्दा वि. एस. मोटर्स प्रा. लि. ले सन् २००३ देखि बेचविखन तथा मर्मत सम्भार सम्बन्धी कार्य अनुभव भएको कागजात पेस गरेको आधारमा वि. एस. मोटर्स प्रा. लि. को बोलपत्र स्वीकृत गर्न मिति २०७६।५।१२ मा निर्णय गरेको पाइयो । उक्त आपूर्तकसँग मिति २०७६।६।११ मा सम्झौता गरी सम्झौता अनुसार एक थान व्याकहो लोडर खरिद गरी भौ.नं. ७।२०७६।६।२८ बाट रु.४८,५१,०००।०० खर्च लेखी भुक्तानी गरेको छ । अतः नगरपालिकाले खरिद प्रकृयामा नियमानुसार विभिन्न प्रकिया अपनाई ल.ई. तयार गर्नुपर्ने र बोलपत्र माग गर्दा आवश्यक र उपयुक्त हुने कुराहरू मात्र उल्लेख गर्नुपर्नेमा गरेको नपाइएकोले आगामी दिनमा यस्ता कार्यहरूमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २४. | **जैमिनीधाम-कुश्मिसेरा सडक** —जैमिनीधाम-कुश्मिसेरा कालोपत्रे सडक निर्माण कार्यको लागि प्रदेश सशर्ततर्फको रु.१,००,००,०००.०० बजेट व्यवस्था भएको उक्त निर्माण कार्य गर्न रु.९५,७१,३०४।४८ (भ्याट समेत) को ल. ई. तयार गरी विद्युतीय बोलपत्रको माध्यमबाट मिति २०७६।८।१८ मा सूचना प्रकाशन गरेकोमा ३ वटा बोलपत्र निम्नानुसार पेस हुन आएको पाइयोः | |

| सि.नं. | निर्माण व्यवसायी | कबोल अङ्क |
|---|---|---|
| १. | तिलक निर्माण सेवा | ९५६०४२७.०७ |
| २. | जुम्ली निर्माण सेवा | ९५३७३७८.६९ |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>
<table><tr><td>३.</td><td>हिलसाइड निर्माण सेवा</td><td>९५११८२९.९५</td></tr></table>
उक्त पेस भएका ३ वटा बोलपत्र मध्ये सबैभन्दा घटी कबोल गर्ने हिलसाइड निर्माण सेवाको कबोल अङ्क रु.९५,११,८२९।९५ को बोलपत्र मिति २०७६।९।२३ मा स्वीकृत गरी मिति २०७७।२।३० सम्ममा सम्पन्न गर्ने गरी मिति २०७६।१०।२३ मा सम्झौता गरेको पाइयो । निर्माण व्यवसायीलाई प्रथम रनिङ्ग बिलबाट रु.४९,९३,१९५।०० र फाइनल बिलबाट रु.४४,६१,२६९।३८ समेत रु.९४,५४,४६४।३८ भुक्तानी भएको छ ।
</td><td></td></tr>
<tr><td>२५.</td><td>
विदेश भ्रमण — ८३८/२०७७/३/२६ भ्रमण खर्च नियमावली, २०६४ को नियम १४(१) बमोजिम कुनै पदाधिकारी वा कर्मचारीलाई सरकारी कामको सिलसिलामा विदेशमा भ्रमण पठाउँदा सो भ्रमणको खर्च व्यहोर्ने श्रोत र नेपाल सरकारको श्रोतबाट विदेशमा भ्रमणमा पठाउने भएमा निजले यस नियमावली बमोजिम पाउने दैनिक भत्ता, भ्रमण भत्ता, पकेट खर्च तथा भैपरी आउने खर्च जस्ता कुन-कुन सुविधा पाउने हो सो खुलाई भ्रमणमा खटाउनु अघि निर्णय गर्नुपर्ने व्यवस्था भएको तर निर्णय नभई आफूखुशी भ्रमणमा गएकोमा वा पठाएकोमा भ्रमणबाट फर्केपछि, गरेको दाबीबमोजिम त्यस्ता खर्चहरू दिइने छैन भन्ने व्यवस्था भएको छ । यस जैमिनी नगरपालिका कार्यालयको २८ औं बैठकको निर्णयले नगरपालिकाको वडा नं. २ का विद्यालयहरूमा सहयोग गर्दै आएको जापानको Lasante International Co. Ltd. ले यस नगरपालिकाका नगर प्रमुख प्रशासकीय अधिकृत लगायत जनप्रतिनिधि तथा सरोकारवालाहरूलाई २०७६/४/१५ देखि विभिन्न पर्यटकीय स्थलहरूको अवलोकनका लागि जापान भ्रमण गर्ने निमन्त्रणा भएको भनी कार्यालयका निम्न पदाधिकारीहरूलाई समावेश हुने गरी निर्णय भएको पाइयो ।<br>
अतः माथि उल्लिखित पदाधिकारी तथा कर्मचारी मिति २०७६/४/१३ देखि २०७६/४/२५ सम्म जापानको विभिन्न पर्यटकीय स्थलहरूको भ्रमण गर्दा हवाई जहाजको टिकटवापत प्रति सहभागी रु.८२,०००।०० का दरले रु.४,९२,०००।०० खर्च लेखी भुक्तानी गरेको छ । जापानको Lasante International Co. Ltd. को पत्रलाई मिति २०७७/११/०७ को नोटरी पब्लिकले उल्था गरेको प्रमाण अनुसार जापान प्रस्थान गर्दाको यात्रा टिकट कम्पनीले व्यहोर्ने तर जापानबाट फिर्ता भएको टिकट खर्च कम्पनीले उपलव्ध नगराउने देखिन्छ । यसरी जापान प्रस्थान गर्दाको यात्रा टिकट कम्पनीले व्यहोर्ने देखिएकोले रु.४१०००.०० का दरले ६ जनाको जम्मा रु २४६०००.०० असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>पद</th><th>भ्रमण गर्ने पदाधिकारीकर्मचारीको नाम/</th><th>रकम</th></tr>
<tr><td>.1</td><td>नगर प्रमुख</td><td>श्री इन्द्रराज पौडेल</td><td>४१०००.००</td></tr>
